नेपाल सरकार
कृषि तथा पशुपंन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई**
सिन्धुपाल्चोक, चौतारा

# इच्छापत्र आव्हान गरिएको सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०७८।०५।१५

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई-सिन्धुपाल्चोकको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार यान्त्रीकरण मैत्री हुने गरी गह्रा सुधार गर्दै चक्लाबन्दीमा यान्त्रीकरणका साथ व्यवसायिक रुपमा आलु तथा मकैको क्षेत्र विस्तार र तिनको प्रशोधन एवं वजारीकरण गर्ने योजना भएका क्रियाशील कृषि समुह, कृषि सहकारी, कृषि उद्यमी, प्राविधिक शिक्षालय, कृषि फर्म तथा कम्पनीहरुले तपसील वमोजिमका आवश्यक विवरण तथा कागजात सहित २०७८ भाद्र ३१ गते भित्र कार्यालय वा काभ्रेपलान्चोकको बनेपा स्थित यस एकाईको प्राविधिक शाखामा इच्छापत्र पेश गर्नुहुन सूचित गरिएको छ। यस कार्यालयमा नयाँ सुचिकृत हुने तथा साविकका मकै जोन तथा आलु सुपरजोनमा पहिले देखिनै सुचिकृत भएका संस्थाहरुले समेत कार्यक्रम माग गर्दा अनिवार्य रुपमा चालु आर्थिक वर्षको व्यवसायिक योजना र यसै सूचना मार्फत तोकिएका कागजातहरु पेश गर्नहुन अनुरोध छ।तोकिएको अवधि भित्र पेश हुन नआएमा विगतमा सुचिकृत भएका संस्थाहरुलाई समेत कार्यक्रममा समावेस गर्न नसकिने व्यहोरा अनुरोध छ।

**इच्छापत्र पेश गर्दा संलग्न राख्नु पर्ने कागजातहरुः**

- विस्तृत व्यवसायिक योजना तथा योजना कार्यान्वयनको लागि संस्थागत निर्णयको प्रतिलिपि सहितको निवेदन।
- लगानी साझेदारी गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहको प्रतिवद्धतापत्र वा सिफारिस पत्र।
- जग्गा भाडामा लिई खेती गरिने भएमा कम्तीमा पनि पाँच वर्षको सम्झौता पत्रको प्रतिलिपि।
- संस्थाको पान नम्वर, कर चुक्ता प्रमाणपत्र, वैंक स्टेटमेन्ट, नागरिकता एवं लालपुर्जाको प्रतिलिपि।
- लाभग्राहीहरुको ठेगाना, लाभग्राहीको संख्या, चक्लाबन्दीमा खेती गर्न सकिने जग्गाको क्षेत्रफल र सम्पर्क नम्बर लगायत आधारभूत तथ्यांक सहितको विवरण।

**कार्यक्रम कार्यान्वयन हुने नगरपालिका तथा गाउँपालिकाहरुः-**

- **सिन्धुपाल्चोक जिल्लाः चौतारा साँगाचोकगढी नगरपालिका, बलेफी गाउँपालिका, ईन्द्रावती गाउँपालिका, सुनकोशी गाउँपालिका, मेलम्ची नगरपालिका र लिसंखुपाखर गाउँपालिकाका तोकिएका क्षेत्रहरु ।**
- **काभ्रेपलाञ्चोक जिल्लाः धुलिखेल नगरपालिका, पनौती नगरपालिका, बनेपा नगरपालिका, पाचँखाल नगरपालिका, मण्डनदेउपुर नगरपालिका, नमोबुद्ध नगरपालिका, बेथानचोक गाउँपालिका र रोशी गाउँपालिकाका तोकिएका क्षेत्रहरु ।**

**यन्त्रमैत्री गह्रा सुधार गरी चक्लावन्दिमा खेती गर्ने तथा व्यवसायीक वीउ उत्पादन गर्ने कृषकहरुको लागि काभ्रे तथा सिन्धुपाल्चोकका सवै क्षेत्र।**

**कार्यक्रमको विस्तृत विवरण प्राप्त गर्न कार्यालयको वेवसाइट https://piusindhupalchowk.pmamp.gov.np वा आधिकारीक फेसवुक पेज वा कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।**


<u>विस्तृत जानकारीको लागी</u>
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई**
सिन्धुपाल्चोक
<u>सम्पर्क नं</u>. ०११-६२०३७०/६२०१२५ (सिन्धुपाल्चोक)
०११-६६२४४९/६६२२५८ (काभ्रेपलाञ्चोक)
**Email:- pmamp.piu.sindhupalchok@gmail.com**